## विकास पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना।

राष्ट्रिय योजना आयोगबाट २०७७ साल आश्वीनमा प्रकाशित हुने "विकास" पत्रिकामा लेख रचना प्रकाशित गराउन चाहने विद्वान लेखक महानुभावहरूलाई मिति २०७७ भदौ महिनाको १५ गते भित्र आयोगमा प्राप्त हुने गरी लेख रचना पठाउन हार्दिक अनुरोध गरिन्छ।

आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी नीति, योजना, कार्यक्रम एवम् आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनसँग सम्बद्ध मौलिक, खोजपूर्ण, विचार प्रधान तथा अनुसन्धानमूलक विषय समावेश भएका लेख रचनाहरू प्रकाशनको निमित्त ग्राह्य हुनेछन्।

प्रकाशनको लागि लेख रचनाको माध्यम भाषा नेपाली भए Preeti फन्टको साइज १४ र अंग्रेजी भए New Times Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ। लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन्ः

(क) लेखको शुरुमा लेखको सार जनाउने सारांश
(ख) मुख्य लेख /विषयवस्तु
(ग) अन्त्यमा निष्कर्ष
(घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्री

लेख रचनाका साथ लेखकले आफ्नो फोटो, इमेल ठेगाना र मोबाइल नम्बर पनि उल्लेख गरी पठाउनु हुन अनुरोध छ। लेख रचनाहरु इमेल ठेगाना research@npc.gov.np वा lbkhatri@npc.gov.np मा पठाउन सकिनेछ। यस सम्बन्धी विस्तृत जानकारी आयोगको अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखाबाट लिन सकिने व्यहोरा समेत सूचित गरिएको छ।

साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ पत्रिकामा प्रकाशनार्थ प्राप्त लेख रचनाहरू स्वीकार गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा रहनेछ। माथि उल्लेखित विवरण अनुसारको अंग पूरा नगरी आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन।। यस पत्रिकामा प्रकाशनको लागि पठाइएका लेख रचनाहरू अन्यत्र प्रकाशन गर्नु परेमा प्रकाशकको पूर्व स्वीकृति लिनुपर्नेछ।

राष्ट्रिय योजना आयोग
(अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा)
सिंहदरबार, काठमाडौं